म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २३९ २०८१ साउन ७ गते सोमबार 22 July 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वन विनाशले निम्त्याउने हुँदा:
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख,बाँस, निगालोजस्ता भू–क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

### ढल्यो मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार

# नयाँ सरकार गठन गर्न प्रदेश प्रमुखको आव्हान



*प्रदेश प्रमुख समक्ष राजिनामा बुझाउनुहुँदै मुख्यमन्त्री शालिकराम जम्कट्टेल।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पदबाट राजिनामा दिनुभएको छ। आइतबार बसेको प्रदेशसभा बैठकमा राजिनामा घोषणा गर्नुभएका मुख्यमन्त्री जम्कट्टेलले प्रदेश प्रमुख समक्ष त्यस लगत्तै राजिनामा बुझाउनुभएको हो । प्रदेशसभाबाट सोझै प्रदेश प्रमुख कार्यालय पुग्नुभएका मुख्यमन्त्री जम्कट्टेलले प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई राजिनामा बुझाउनुभएको हो ।

राजिनामा दिनुभएसँगै मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार ढलेको छ । आइतबार बसेको प्रदेशसभा बैठकमा राजिनामा घोषणा गरेसँगै माओवादी केन्द्रबाट १८ महिना सरकार सञ्चालन गरेका मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार ढलेको हो। केन्द्रमा एमाले-कांग्रेस सत्ता समीकरण बनेसँगै संकटमा पर्नुभएका मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारले प्रदेशसभाबाट बहुमत जुटाउन नसक्ने भएसँगै राजिनामा दिनुभएको हो। एमाले, एकीकृत समाजवादी, माओवादी केन्द्र र हाम्रो नेपाली पार्टीको गठबन्धनबाट सरकारको नेतृत्व सम्हाल्दै आउनुभएका जम्कट्टेल असार २४ गतेबाट अल्पमतमा पर्नुभएको थियो ।

सत्ता समीकरण परिवर्तनसँगै ३ पटक प्रदेश सभाबाट विश्वासको मत लिएर सरकार सुरक्षित गर्नुभएका मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार यस पटक भने निरन्तरता पाउन सकेन । २०७९ पुस २५ मा एमाले, राप्रपा, माओवादी केन्द्र, एकीकृत समाजवादीको सत्ता समीकरणबाट मुख्यमन्त्री बन्नुभएका जम्कट्टेलले समीकरण परिवर्तनसँगै पहिलो पटक २०७९ माघ ३ मा विश्वासको मत लिनुभएको थियो । माघ ३ मा कुल ११० प्रदेश सभा सदस्य मध्ये १०५ सदस्यको समर्थन पाएको जम्कट्टेल नेतृत्वको सरकार ४ महिना चलेपछि गठबन्धन चैत १० मा भत्कियो । त्यस समयमा गठबन्धन मात्र भत्किएन गठबन्धन परिवर्तन गरेर सरकार टिकाउनुभएका जम्कट्टेलको लोकप्रियता निरन्तर खस्कँदै गयो ।

उहाँले राप्रपा र एमालेसँगको सहयात्रा टुंगिएपछि २०७९ चैत १० मा दोस्रो पटक विश्वासको मत लिनुहुँदा ६७ प्रदेश सभा सदस्यको समर्थन पाउनुभएको थियो । करिव १ वर्ष कांग्रेस, एकीकृत समाजवादी र माओवादी केन्द्रको साझेदारीमा सरकार सञ्चालन भयो । अन्ततः २०८० फागुन २० मा पुनः समीकरण परिवर्तन भयो । फागुन २३ मा सरकारबाट कांग्रेस अलग भयो। त्यस लगत्तै बाध्यकारी परिस्थितिका बीच चैत १९ मा मुख्यमन्त्री जम्कट्टेलले पुनः विश्वासको मत लिनुभयो । सो समयमा उहाँले एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीसहितको गरी ५६ मत प्राप्त गर्नुभयो ।

सत्ता समीकरण परिवर्तनपछि कांग्रेस र एमाले सम्मिलित सरकार निर्माण हुने भएसँगै मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार ढलेको हो । योसँगै मुख्यमन्त्री जम्कट्टेलको पार्टी माओवादी केन्द्र प्रतिपक्षमा रहने भएको छ।११० सदस्यीय बागमती प्रदेश सभामा सरकार गठनका लागि कम्तीमा ५६ सदस्यको समर्थन आवश्यक रहेकोमा कांग्रेस र एमालेसँग गरेर ६४ सदस्य छन् । बागमती प्रदेश सभामा सात राजनीतिक दलको प्रतिनिधित्व रहेकोमा सबैभन्दा ठुलो दल कांग्रेसका ३७ र एमालेका २७ सांसद छन्। माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ जना सांसद छन् ।

बागमतीका प्रदेश प्रमुख यादवचन्द्र शर्माले नयाँ सरकार गठनका लागि आव्हान गर्नुभएको छ। प्रदेश प्रमुख शर्माले संविधानको धारा १६८ को उपधारा २ बमोजिमको सरकार गठनका लागि दलहरुलाई साउन ८ गते साँझ ५ बजेसम्मको समय दिएर दावी पेश गर्न आव्हान गर्नुभएको हो । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पदबाट राजीनामा दिनुभएपछि नयाँ सरकार गठनको पहल थालिएको हो । प्रदेश प्रमुखले मुख्यमन्त्री जम्कट्टेलले दिएको राजीनामा स्वीकृत गर्नुहुँदै अर्को सरकार गठन नहुन्जेल उहाँलाई काम चलाउ मुख्यमन्त्रीको जिम्मेवारी दिनुभएको छ । यसैबीच नयाँ सरकार गठनका लागि कांग्रेस र एमालले दावी गर्ने तयारी गरेका छन् । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बाहादुर सिंह लामाको नेतृत्वमा सरकार गठन गर्नेगरी दावी पेसको तयारी छ । प्रदेश प्रमुख प्रमुख शर्माले संविधानको धारा १६९ को उपधारा ३ बमोजिम जम्कट्टेलले नै कार्यसञ्चालन गर्नेगरी जिम्मेवारी तोक्नुभएको छ ।

### लामाले आज सरकारमा दावी पेश गर्ने

बागमती प्रदेश सरकारमा नेपाली कांग्रेसले सोमबार मात्र दावी पेस गर्ने भएको छ । कांग्रेसबाट संसदीय दलको नेता बहादुरसिंह लामाले आज सोमबार सरकारमा दावी पेस गर्नुहुनेछ। नेता लामाले एमाले र कांग्रेसको समर्थनमा सरकारमा दावी पेस गर्नुहुनेछ। प्रदेश प्रमुख यादवचन्द्र शर्माले साउन ८ गते ५ बजेसम्म नेपालको संविधानको धारा १६८ (२) बमोजिम सरकारमा दावी पेस गर्न आव्हान गर्नुभएको छ। सोही अनुसार नेता लामाले प्रदेश सभामा एमालेका २७ र कांग्रेसका ३७ सदस्यको समर्थनमा मुख्यमन्त्रीमा दावी गर्ने तयारी गर्नुभएको छ।

### मुख्यमन्त्री जम्कट्टेलको कार्यकाल

# ४ मूल ऐन निर्माण

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सरकारको नेतृत्व लिएको १८ महिना अवधिको प्रगति विवरण सार्वजनिक गर्नुभएको छ । आइतबार प्रदेश सुशासन केन्द्रको सभाहलमा पत्रकार सम्मेलन गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले १८ महिने कार्यकालको प्रगति विवरण सार्वजनिक गर्नुभएको हो ।


राजनीतिक उतारचढावका १८ महिना अवधिसम्म सरकार संचालन गर्नुभएका मुख्यमन्त्री जम्कट्टेलले आइतबार पदबाट राजिनामा समेत दिइसक्नुभएको छ । प्रदेश सरकारले संविधान प्रदत्त अधिकार सम्बन्धी कानून निर्माण गरी सार्वजनिक सेवा प्रवाहमा सुधारको पहल गरेको मुख्यमन्त्री जम्कट्टेलले बताउनुभयो । मुख्यमन्त्री जम्कट्टेलको १८ महिना अवधिमा प्रदेश सरकारलाई संस्थागत रुपमा सुदृढ बनाउन आवश्यक ४ वटा मुल कानुन निर्माण भएको छ। सो अवधिमा प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९, प्रदेश सरकारी कामकाजको भाषा ऐन २०८० निर्माण भइ कार्यान्वयनको चरणमा रहेको छ भने मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६, प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ संशोधन गरिएको छ। सो अवधिमा २ वटा सालबसाली (विनियोजन तथा आर्थिक) ऐन जारी गरिएका छ ।

प्रदेश सरकारको कार्य सरलीकरण तथा प्रभावकारी बनाउन सो अवधिमा मन्त्रिपरिषद्का ४० बैठक सञ्चालन भई २११ निर्णय गरिएको छ भने एक अध्यादेश, नियमावली ७, निर्देशिका ४, कार्यविधि २०, मापदण्ड ४ र आदेश ३ प्रदेश राजपत्रमा प्रकाशन गरिएको छ। सो अवधिमा प्रदेश श्रम तथा रोजगार नीति, २०८०, प्रदेश बालबालिका सम्बन्धी नीति-२०८०, मानव बेचबिखन ओसारपसार विरुद्धको संरक्षण नीति-२०८०, ज्येष्ठ नागरिक नीति-२०८०, शिक्षा नीति-२०८०, लैंगिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी नीति-२०८१, प्रदेश स्वास्थ्य नीति-२०८१, प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०८०, प्रदेश उच्च शिक्षा नियमावली-२०७९, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् नियमावली-२०८०, बागमती विश्व विद्यालयको विधान-२०८१, प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) नियमावली-२०८१, बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली-२०८० (संशोधन), प्रदेश खेलकुद विकास (दोस्रो संशोधन) नियमावली-२०८१ स्वीकृत भएको छ ।

उक्त अवधिमा प्रदेश अन्तर्गतका मन्त्रालय र निकायहरुको संगठन संरचना तथा दरबन्दी व्यवस्थापन र दरबन्दी तेरिज स्वीकृत गरी कर्मचारी व्यवस्थापन कार्य अघि बढाइएको छ। प्रदेश लोकसेवा आयोगद्वारा विभिन्न सेवा, समूह र तहका ५७ वटा पाठ्यक्रमहरु निर्माण गरिएको छ भने विभिन्न पदका लागि १ हजार ४७१ संख्यामा अन्तर तह, आन्तरिक अन्तर सेवा तथा खुला सेवा विज्ञापन गरिएको छ । जसमा आर्थिक वर्ष २०७९/०८० मा ७१३ जनालाई पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगद्वारा सिफारिस गरिएको छ भने आर्थिक वर्ष २०८०/०८१ मा ७०३ जनालाई सिफारिस गरिएको छ । सो अवधिमा स्थानीय सेवातर्फ पाँचौं तहमा १३, सातौं तहमा २६, नवौं तहमा १९ जना कर्मचारीको बढुवा गरिएको छ भने प्रदेश सेवातर्फ सातौं तहमा ४५, नवौं तहमा ३४ र एघारौं तहमा १२ कर्मचारीको बढुवा गरिएको छ ।

यस अवधिमा सडक, खानेपानी, सिँचाई लगायतका भौतिक पूर्वाधार विकासमा महत्वपूर्ण प्रगति हासिल गरेको मुख्यमन्त्री जम्कट्टेलले जानकारी दिनुभयो । प्रादेशिक सडक यातायत गुरुयोजना, २०८१ स्वीकृत गरी २० वटा सडकलाई प्रदेश लोकमार्ग र २३० वटा सडकलाई प्रदेश मार्गमा समावेश गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार सो अवधिमा ५९६ किलोमिटर

...बाँकी पृष्ठ ३ मा




# देशलाई द्वन्द्वमा फसाउने काम भयो: मुख्यमन्त्री जम्कट्टेल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले देशलाई द्वन्द्वमा फसाउने काम भइरहेको टिप्पणी गर्नुभएको छ। मुख्यमन्त्री जम्कट्टेलले संविधान संशोधनको नाममा २ ठुला दलले देशलाई इतिहासमा फर्काउने काममा अग्रसर भएको बताउनुभएको हो । आइतबार बसेको प्रदेशसभा बैठकमा आफ्नो धारणा राख्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले दुई ठुला दलले अदृश्य सहमति गरेर समावेशी सहभागिता हटाउने प्रयत्न भएको दावी गर्नुभयो ।

राजनीतिक स्थिरताको नाम संविधान संशोधन गरेर उत्पीडित वर्गको अधिकार माथि हस्तक्षेप गर्न नयाँ समीकरणका दलहरु अघि बढेको उहाँको भनाई छ । दुई ठुला दलले अदृश्य रुपमा राजनीतिक सहमति छोपेर राखिएको उहाँले बताउनुभयो । दलले गर्ने राजनीतिक सहमति गोप्य नहुने र जनतालाई ढाँट्न दलहरुले राजीतिक सहमति गरेको उहाँले स्पष्ट पार्नुभयो । मुख्यमन्त्री जम्कट्टेलले बहुमत हुँदैमा सरकार निरन्तर नजाने जीकिर गर्नुभयो । 'संविधान संशोधन गरे समानुपातिक निर्वाचन प्रणाली हटाउने प्रयत्न भएको छ । निर्वाचन प्रणाली परिवर्तन गरेर समावेशीता हटाउने काममा दुई ठुला दलहरु लागेका छन् । निर्वाचन प्रणाली फेर्ने नै भए पूर्ण समानुपातिक प्रणालीमा अघि बढ्नु पर्छ । यसले नेपाललाई अग्रगामी रुपमा स्थायीत्व दिन सक्छ । संशोधन नै गरेर कार्यकारी भूमिकामा जान तयार हुनुपर्छ', उहाँले भन्नुभयो ।

देशले राष्ट्रिय सभामा समावेशीता नखोजेको उहाँको भनाई छ । उहाँका अनुसार देशले कार्यकारी भूमिकामा समावेशीता खोजेर निर्वाचन प्रणाली परिमार्जन गर्नुपर्ने हुन्छ । मुख्यमन्त्री जम्कट्टेलले राष्ट्रिय सहमति संसद भित्रको अंक गणित नभएको बताउनुभयो । संसद भित्र र बाहिर रहेका सरोकारवालाको सहमति नै राष्ट्रिय सहमति भएको उहाँको भनाई छ । प्रदेशलाई अधिकार आउँछ भन्नेमा विश्वस्त नरहेको उहाँले बताउनुभयो । अहिलेको समीकरणले प्रदेशलाई अधिकार नदिने र संघीयता बलियो नबनाउने पनि उहाँको दावी छ ।

# भुटनदेवी माविका पूर्वविद्यार्थीद्वारा ३ विद्यार्थीलाई छात्रवृत्ति वितरण


छात्रवृत्ति प्राप्त विद्यार्थी र सम्मानित शिक्षकको साथमा वडाअध्यक्ष नवीन सिग्देल ।

समाज संवाददाता

हेटौँडाः भुटनदेवी माविका पूर्वविद्यार्थीहरुको समूह भुटनदेवी हाई स्कुल मैत्री समूह-२०३१ ले भुटनदेवी माध्यमिक विद्यालयका ३ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ । आइतबार बिहान एक कार्यक्रमको आयोजना गर्दै मैत्री समूहले जिल्लास्तरीय वार्षिक परीक्षामा विद्यालय प्रथम भएका दुई जना छात्र र एक जना छात्रालाई छात्रवृत्ति वितरण गरेको हो ।

कार्यक्रममा छात्रतर्फ अमन साह बनियाँ र शुभम् प्रसाद जोशी तथा छात्रातर्फ सुनैना घिमिरेलाई प्रमाणपत्रसहित १० हजार रुपैयाँ छात्रवृत्ति वितरण गरिएको हो । कार्यक्रममा मैत्री समूहले गुरुपूर्णिमाको अवसरमा आफुहरुलाई अध्यापन गराउनु भएका शिक्षक मुना धिताल अर्याललाई दोसल्ला ओढाई सम्मान गरेको छ ।

समूहका अध्यक्ष लवनाथ रिजालको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा-४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य रहेको थियो । मैत्री समूह-२०३१ ले छात्रवृत्ति वितरणको कार्य गर्दै आएको छ। भुटनदेवी माध्यमिक विद्यालयमा करिब २ हजार ३ सय जना विद्यार्थी अध्ययनरत छन् ।

# १० जना निवृत्त शिक्षक सम्मानित

समाज संवाददाता

हेटौँडाः नेपाल निवृत्त शिक्षक समाज मकवानपुरले सेवा निवृत्त शिक्षकहरुलाई सम्मान गरेको छ। आइतबार गुरु पूर्णिमाको अवसरमा हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको सभाहलमा एक समारोहकाबीच सेवा निवृत्त शिक्षकहरुबाट पनि ज्येष्ठताको आधारमा १० जना निवृत्त शिक्षकहरुलाई सम्मान गरिएको हो।

निवृत्त शिक्षक समाज मकवानपुरका अध्यक्ष सीताराम दहालको सभाध्यक्षमा तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो । भाषा शिक्षक सम्मान-२०८१ बाट घनश्याम सापकोटालाई सम्मान गरिएको छ। मकवानपुर जिल्लाको सामुदायिक विद्यालयमा २०४८ सालदेखि २०७२ सालसम्म निम्न माध्यमिक तथा माध्यमिक तहमा नेपाली भाषाको शिक्षण मार्फत नेपाली भाषाको सेवा गरेको भन्दै राम सावित्री निवृत्त भाषा शिक्षक सम्मान-२०८१ बाट सापकोटालाई सम्मान गरिएको हो।

यस्तै शिक्षक सेवामा लामो समयमा जीवन अर्पण गर्नुहुने वनमाली सुवेदी, विशाल कुमार विडारी, शिवदयाल यादव, कृष्णप्रसाद न्यौपाने, इन्द्रमणि गौतम, माधव प्रसाद ढकाल, राम नरेश यादव, बद्री प्रसाद गौतम र गोपी प्रसाद न्यौपानेलाई सम्मानपत्र समर्पण गरिएको छ। सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले शिक्षक समाज सेवानिवृत्त वौद्धिक समूह भएकोले शिक्षा क्षेत्रमा सल्लाह सुझावबाट अगाडि बढ्नका लागि नगरपालिकाको मार्फतबाट आफूले सक्ने सहयोग गर्ने विश्वास दिलाउनुभयो। समाजका अध्यक्ष दहालले सेवानिवृत्त भएर बस्नुहुने शिक्षकहरुलाई समाजमा आवद्ध भएर आफूमा भएको ज्ञान, सीपलाई समाजमा जीवित राख्न अनुरोध गर्नुभयो । कार्यक्रममा शिक्षक समाजका केन्द्रीय सचिव अभिमन्यु गौतम र जिल्ला समन्वय समितिका सदस्य खड्कबहादुर पुलामीको विशिष्ठ आतिथ्य रहेको थियो।

# विद्यार्थीद्वारा पुस्तक समीक्षा

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा कक्षा ६, ७ र ८ मा अध्ययनरत विद्यार्थीबीच पुस्तक समीक्षा कार्यक्रम भएको छ। विद्यालयको अंग्रेजी क्लबको आयोजनामा आइतबार पुस्तक समीक्षा कार्यक्रम भएको हो । विद्यालयले विद्यार्थीबीच पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तक समीक्षा कार्यक्रमको आयोजना गरेको हो ।

विद्यालयको पुस्तकालयमा नियमित पुस्तक पढ्ने विद्यार्थी मध्ये १९ जना विद्यार्थीले अंग्रेजी र नेपाली दुबै भाषाका पुस्तकको समीक्षा गरेका थिए । पुस्तक समीक्षामा सहभागी विद्यार्थी मध्ये अंग्रेजीतर्फ ५ जना र नेपालीतर्फ ४ गरी ९ जनालाई प्रोत्साहनस्वरुप पुस्तक वितरण गरिएको छ। अंग्रेजी पुस्तक समीक्षा गर्ने आर्शु श्रेष्ठ, अनुज्ञा विडारी, स्वर्णिम सुवेदी, रिदिमा आचार्य र आयुष रौनियार, नेपाली भाषाको पुस्तक समीक्षा गर्ने श्रेयषी गौतम, सृष्टी लामा, तृषा लामा र आध्या कोइरालालाई प्रोत्साहनस्वरुप पुस्तक प्रदान गरिएको हो।

अंग्रेजी क्लबकी अध्यक्ष कृष्टिन कार्कीको अध्यक्षता तथा समृद्ध समाज दैनिकका सम्पादक एवम् पठन संस्कृतिका अभियन्ता सुरेश श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रम विद्यालयका प्रिन्सीपल विनोद सुवेदी, सहायक प्रिन्सीपल अमुल श्रेष्ठको पनि उपस्थिति रहेको थियो । प्रमुख अतिथि श्रेष्ठले विद्यार्थीलाई पाठ्यपुस्तकभन्दा बाहिरका पुस्तक पढ्न प्रेरित गर्दै समीक्षा समेत गराउनु सकारात्मक र प्रशंसनीय कार्य भएको उल्लेख गर्नुभयो । उहाँले पठन संस्कृतिको विकासका लागि विद्यार्थीको कक्षाअनुसार उपयुक्त पुस्तक पढ्नका लागि उपलब्ध गराउने र सहयोग गर्ने काममा शिक्षक र अभिभावकले ध्यान दिनुपर्ने सुझाव दिनुभएको छ।

४ मूल ऐन...

पक्की सडक निर्माण भएका छन् भने २६७ किलोमिटर ग्रावेल, ६१ वटा सडक पुल र १६ वटा झोलुङ्गे पुल निर्माण भएका छन् । एशियाको पहिलो चुरियामाई सुरुङ मार्ग मर्मत गरिएको छ भने खानेपानीतर्फ २०५ वटा ठूला आयोजना र सिँचाई तर्फ १ हजार ५२१ आयोजना सम्पन्न भएका छन् । प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भई जग्गा प्राप्तिका लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ । स्थानीय तहसँगको साझेदारीमा चितवनको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि ६ करोड ८० लाख रुपैयाँ रकम निकासा गरिएको छ ।

## ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

हेटौँडा-२, मकवानपुर

## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

*दोस्रो पटक प्रकाशित मितिः २०८१/०४/०७*

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न बुझाउन नआई आलटाल गरेको र तीर्न बुझाउनका लागि पटक-पटक लिखित तथा मौखिकरुपमा तारताकेता गर्दा समेत बेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र संस्थाको मूख्य कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम तिर्न बुझाउन हुन सूचित गरिन्छ। अन्यथा सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत असुलउपर गरिने व्यहोरा अवगत गराइन्छ।

**तपसिल**

ऋणी सदस्यको नामः सुमन कुमार स्याङ्बो
ऋणी सदस्यको बाबुको नामः रामचन्द्र स्याङ्बो
ऋणी सदस्यको बाजेको नामः सुकुमान स्याङ्बो
ऋणी सदस्यको ठेगाना : हेटौँडा-१२, सिग्रेनी, मकवानपुर
सदस्यता नं. : ९२५
ऋणको शीर्षक : व्यवसायिक कर्जा
धितोको विवरण
मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. १२ सिग्रेनी बस्ने सुकुमान स्याङ्बोको नाती, रामचन्द्र स्याङ्बोको छोरा, बर्ष ४० का सुमन कुमार स्याङ्बोको नाममा मालपोत कार्यालय हेटौँडामा दर्ता श्रेस्ता कायम भएको मकवानपुर जिल्ला साविक पदमपोखरी-५ को हाल हेटौँडा उपमहानगरपालिका वडा नं. १२ स्थित कि. नं ९६९, ९७० क्षेत्रफल ०-०-१३-०, ०-०-७-० को जग्गा र सोमा बनेको घर समेत।

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## पुतली

पुस्तक समीक्षा



आश्रया पुडासैनी

मैले पढेको पुस्तकको नाम पुतली हो। यसका लेखक तापसी डी हुनुहुन्छ। यो पुस्तक २०७६ मा पहिलोपटक छापिएको हो। त्यस्तैगरी २०७८ सालमा दोस्रो पटक पनि छापिएको छ । यस पुस्तकमा उजेली सुनारले चित्र बनाउनुभएको छ भने कृष्णदीप सिग्देलले नेपालीमा लेख्नुभएको हो ।

यो पुस्तक पढेर मैले हामीले कहिल्यै पनि पुतलीलाई मार्नु हुँदैन । पुतलीलाई छोयो भने विष लाग्छ । पुतलीको पखेटामा रङ्गीचङ्गी रंगहरु हुन्छन् । त्यस रङ्गहरू धुलोले बनेका हुन्छन्। पुतलीको त्यस पखेटालाई छोएर हामीले हाम्रो आँखातिर हात लग्यौं भने हाम्रो आँखामा घाउ निस्किन्छ। र पुतली साह्रै साना प्रजातिका हुन्छन् । संसारमा १७,५०० प्रजातिका पुतलीहरू छन् । पुतलीहरू हामी सबैलाई मन पर्छन् र उनीहरु प्रकृतिमा स्वतन्त्र भएर उड्न चाहन्छन् हामीले पनि उनीहरुलाई स्वतन्त्र उड्न दिनुपर्छ ।

कक्षा-३

## चित्रकला




मृदुषा ढकाल
कक्षा-५

## हामी साथी

पुस्तक समीक्षा



ओजस्वी शिवाकोटी

हामी साथी पुस्तकका लेखक निदेश महर्जन हुनुहुन्छ। यो पुस्तक २०७२ सालमा छापिएको हो । यस पुस्तकमा छ वटा पाना रहेका छन्। यस पुस्तकको गातामा दुईजना साथी एउटा रमाइलो ठाउँमा घुम्न गएको देखाइएको छ। त्यस ठाउँको वरिपरि मन्दिर घरहरू र यो ठाउँ सफा सुग्घर पनि रहेको देखाइएको छ । यस पुस्तकको भित्री पानामा पनि निकै राम्रा चित्रहरू रहेका छन् ।

मैले यो पुस्तक पढेर हामी साथीसँग मिलेर बस्नुपर्छ । साथीसँग झगडा गर्नु हुँदैन। कोही साथीलाई कुनै जनावर पाल्न मनपर्छ कोही साथीलाई अर्कै किसिमको जनावर पाल्न मनपर्छ । कोही साथीको घर ठूलो हुन्छ। कोही साथीको घर सानो हुन्छ। कोही साथी असाध्यै राम्रा हुन्छन्। तर जेसुकै भएपनि हामीले साथीलाई माया गर्नुपर्छ, सहयोग गर्नुपर्छ । र समय-समयमा साथीसँग घुम्न जानु पनि पर्छ। यो पुस्तकभित्र यिनै कुराहरु लेखिएका छन् ।

कक्षा-२

## रातो रुमाल

पुस्तक समीक्षा



आराध्या राई

मैले पढेको पुस्तकको नाम रातो रुमाल हो । यसका लेखक कृष्णदीप सिग्देल हुनुहुन्छ। यो पुस्तक पहिलोपटक २०७० सालमा छापिएको हो । २०७४, २०७६, २०७७ गरी ३ पटक छापिसकेको छ । कथालाई इङ्क काठमाडौँले प्रकाशन गरेको यस पुस्तकमा भावना तुलाचनले चित्र बनाउने काम गर्नुभएको छ। यस पुस्तकको बाहिरी गातामा पुस्तकको नाम रातो रुमाल लेखिएको छ भने त्यसको तल सानी केटीको चित्र रहेको छ ।




यो पुस्तक पढेर मैले आफ्नो घर, आँगन, कोठा सफा गर्नुपर्छ भन्ने कुरा बुझेँ । हामी सफा भएर बस्यौं भने हामीलाई कुनै रोगले पनि छुँदैन र हामीले आफ्नो घर, कोठा मात्र सफा राख्ने होइन कि हामीले बोक्ने सामानहरू पनि सफा हुनुपर्छ । हामीले लगाउने लुगा हामीले बोक्ने रुमाल हामीले बोक्ने झोला पानी पिउने बोतल सबै नै सफा हुनुपर्छ ।

यस पुस्तकमा एउटी आमाले आफ्नी सानी छोरीलाई रुमाल खोज्ने निहुमा आफ्ना कोठाभित्र छरिएर रहेका सामानहरु मिलाएर राख्न पनि सिकाउनु भएको छ । यसले गर्दा मैले पनि मेरो कोठामा भएका सामानहरू मिलाएर राख्न सिकेको छु ।

कक्षा-३

# ९ महिनापछि तेक्वान्दो प्रतियोगिताको आय-व्यय सार्वजनिक

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियामा भएको पहिलो संस्करणको राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको आय-व्यय सार्वजनिक गरिएको छ। क्रियटिभ तेक्वान्दो डोजाङको आयोजनामा गत वर्षको कार्तिक १७ र १८ गते भएको राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको आय-व्यय विवरण ९ महिनापछि सार्वजनिक गरिएको हो।

आइतबार हटियामा एक कार्यक्रमबीच दुई दिनसम्म सञ्चालन भएको प्रतियोगितामा करिब १० लाख रुपैयाँ खर्च भएको विवरण डोजाङ प्रमुख भोजराम पराजुलीले सार्वजनिक गर्नुभएको छ। डोजाङका प्रमुख पराजुलीले दुई दिनको प्रतियोगितामा ९ लाख ९४ हजार ४ सय ७५ रुपैयाँ खर्च भएको विवरण पेश गर्नुभएको छ । यस्तै, प्रतियोगिता आयोजनाका लागि विभिन्न निकायहरुबाट सहयोग स्वरुप ९ लाख २१ हजार ५ सय रुपैयाँमात्र आम्दानी भएको उहाँले बताउनुभयो । प्रतियोगिता सम्पन्न गर्दा ७२ हजार ९ सय रुपैयाँ घाटा व्यहोर्नुपरेको उहाँले बताउनुभयो ।

प्रतियोगितामा मकवानपुर र बाहिरी जिल्लाका खेलाडीहरुको दर्ता शुल्कबाट २ लाख ७२ हजार ५ सय रुपैयाँ, बागमती प्रदेश खेलकुद विकास परिषद्बाट २ लाख रुपैयाँ, हेटौंडा उपमहानगर पालिकाबाट १ लाख रुपैयाँ, खेलकुद विकास समिति हेटौंडा-१७ तथा वडा कार्यालयबाट ८५ हजार रुपैयाँ प्राप्त भएको आय-व्यय विवरणमा उल्लेख छ। यस्तै, नारायण सिंह थिङबाट ५० हजार रुपैयाँ, १६ नम्बर वडा कार्यालय र कृष्णप्रसाद पराजुलीबाट २०-२० हजार रुपैयाँ, शिवम् सिमेन्ट र पोषक ब्रिडरबाट १५-१५ हजार रुपैयाँ प्राप्त भएको छ। प्रेमबहादुर गुरुङबाट १० हजार ५ सय रुपैयाँ, केशवबहादुर कार्की, सागर कटुवाल, प्रदीप अर्याल र डिस मिडिया नेटवर्कबाट १०-१० हजार रुपैयाँ प्राप्त भएको जनाइएको छ।

प्रतियोगिता आयोजना गर्दा खेलाडीको आवासका लागि १ लाख ६१ हजार रुपैयाँ, टिमकोच र टिम म्यानेजर का लागि १६ हजार १ सय रुपैयाँ, खानामा २ लाख २५ हजार २ सय रुपैयाँ, खेल सामग्रीमा ५२ हजार रुपैयाँ खर्च भएको उल्लेख छ । छपाइमा १० हजार रुपैयाँ, मायाको चिनो र फ्रेममा ३४ हजार रुपैयाँ, स्पिकरमा १२ हजार रुपैयाँ, चौर मर्मतमा ३३ हजार ७ सय ५० रुपैयाँ खर्च भएको जनाइएको छ। यस्तै, मेडलमा ३० हजार रुपैयाँ, प्रमाणपत्रमा २१ हजार ३ सय ५० रुपैयाँ, खेलाडीको पुरस्कारमा ३८ हजार रुपैयाँ, शिल्डमा ३२ हजार ८ सय रुपैयाँ, पानीमा १२ हजार ६ सय रुपैयाँ, रेफ्री भत्तामा ९३ हजार रुपैयाँ, यातायातमा १६ हजार ५ सय रुपैयाँ खर्च भएको आय-व्यय विवरणमा उल्लेख छ। बत्ती व्यवस्थापनमा १७ हजार ५ सय रुपैयाँ, इन्धनमा १६ हजार ५ सय रुपैयाँ, खाजामा ४५ हजार २ सय ४० रुपैयाँ खर्च भएको छ।

# तेक्वान्दोमा उत्कृष्ट ६ जना खेलाडीलाई सम्मान

समाज संवाददाता

हेटौंडाः तेक्वान्दो खेलको विभिन्न प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई सम्मान गरिएको छ । आइतबार हेटौंडा-१७, तहटियामा ६ जना खेलाडीलाई सम्मान गरिएको हो ।

क्रियटिभ तेक्वान्दो डोजाङले ४ जना छात्रा र २ जना छात्र गरी ६ जनालाई सम्मान गरेको जनाएको छ । चौथो संस्करणको नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दोमा ३९ केजी तौल समूहमा प्रथम, पुम्से विधामा प्रथम र चन्द्रागिरी राष्ट्रिय प्रतियोगितामा तेस्रो स्थान हासिल गर्न सफल आदित्य पराजुली सम्मानित भएका छन् ।

खुला राष्ट्रिय तेक्वान्दोमा २० केजी तौल समूहमा प्रथम र चन्द्रागिरी तेक्वान्दोमा २० केजी तौल समूहमा दोस्रो र पुम्से विधामा प्रथम आरुषी पराजुलीलाई सम्मान गरिएको छ । ४१ केजी तौल समूहमा तृतीय, ३८ केजीतौल समूहमा तृतीय र पुम्से विधाम द्वितीय आदित्य ढकाललाई सम्मान गरिएको हो । यस्तै, पुम्से विधामा तृतीय रिवानी अधिकारी र महिलातर्फ ३२ केजी तौल समूहमा प्रथम इच्छा विष्ट सम्मानित भएका छन् । चन्द्रागिरी तेक्वान्दोमा तृतीय प्रिन्स ढकाललाई पनि सम्मानपत्रसहित सम्मान गरिएको छ । प्रतियोगिता आयोजनाका लागि सहयोग गर्ने सहयोगी दाताहरुलाई मायाको चिनो प्रदान गरिएको छ ।

राष्ट्रिय तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष मदनकुमार श्रेष्ठको सभाध्यक्ष तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले आफ्नो भूमिकालाई राम्ररी निर्वाह गरेर दायित्वका साथ अगाडि बढेर हेटौंडालाई खेलकुदमय बनाउनुपर्ने बताउनुभयो । युवाहरुलाई खेल प्रतियोगितामा जोडेर स्वस्थ बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

नगर प्रमुख लामाले बंगलादेशको राजधानी ढाकामा हुने अन्तर्राष्ट्रिय तेक्वान्दोमा सहभागी हुनका लागि १ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गर्नुभयो । उहाँले निर्माणाधीन कभर्ड हल निर्माणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वि.सं २०७७ साल असोज ४ गते हरिबहादुर महतले हेटौंडा १७ मा जग्गा उपलब्ध गराएर २०७८ सालमा वडाको ४ लाख र जनश्रमदानबाट १ लाख २६ हजार गरी ५ लाख २६ हजारको पिलर मात्र उठाउने काम भएकाले नगर पालिकामार्फत् बजेट लगानी गर्ने बताउनुभएको हो । कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष र ाजकुमार मोक्तान, कार्यालय प्रमुख माधव कोइराला, मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदी र जिल्ला खेलकुदका सदस्य मदन उप्रेतीलगायत विभिन्न खेल क्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

## मन्त्री लम्सालको १ वर्ष २ महिना

# प्रदेशको श्रम तथा रोजगार नीति २०८० जारी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले आफ्नो कार्यकालमा भएका प्रगति सार्वजनिक गर्नुभएको छ । आइतबार बिहान पत्रकार सम्मेलनको आयोजना गर्दै मन्त्री लम्सालले १ वर्ष २ महिनामा मन्त्रालयबाट भएका प्रगति विवरण सार्वजनिक गर्नुभएको हो ।

२०८० जेठ ७ देखि २०८१ साउन ६ गतेसम्म आफूले मन्त्रालय सम्हालेदेखि उल्लेख्य काम गरेको उहाँले दाबी गर्नुभएको छ। श्रम, रोजगार तथा यातायात मन्त्रालय भएपनि अधिकार क्षेत्र र संवैधानिक अधिकार श्रम, रोजगारमा नरहेको अवस्थामा पनि आफूले धेरै प्रयन्त गरेको उहाँले बताउनुभयो । नीति निर्माणको काम, कामको क्षेत्रको खोजी र विकासमा प्रदेशलाई अघि बढाउने कोसिस गरेको उहाँले दाबी गर्नुभयो। प्रदेशको अधिकार क्षेत्र मिचिने कानुनविरुद्ध संघीय सरकारसँग संवैधानिक बहस सुरु गरेको उहाँले बताउनुभयो।

मन्त्री लम्सालले आफूले यातायात मन्त्रालय जिम्मा लिएपछि महत्वपूर्ण नीतिगत सुधार, कार्यालयहरू व्यवस्थित, सेवाहरू प्रविधिमैत्री, जनगुनासोको सम्बोधन, सरोकारवालासँग विभिन्न चरणमा छलफल गरेको बताउनुभएको छ । उहाँले आफूले यातायात व्यवस्था विभागबाट इडिएल सिस्टम प्रदेश सरकार मातहत ल्याई जनअपेक्षाअनुसार छिटो छरितो र प्रभावकारी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन उक्त प्रविधिमा पहुँचको सुनिश्चितता र स्पेसिफिकेसन प्राप्त भई प्रिन्टिङ मेसिन र स्मार्टकार्ड खरिद प्रक्रिया अगाडि बढाउने अवस्था तयार गरिएको बताउनुभयो। मन्त्रालयअन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुमा रहेको सवारी साधनहरूको अभिलेखलाई डिजिटाइजेशन तथा आर्केभिड गर्ने कार्यको पूर्वाधार तयार भई कार्य प्रारम्भ गर्ने अवस्था तयार गरिएको उहाँले बताउनुभयो। सार्वजनिक सवारी साधनको पटके इजाजत लिने कार्यलाई अनलाइन पद्धतिबाट सुरु गरिएको र राइड सेयरिङ सेवा सञ्चालन कार्यविधि र विद्युतीय सार्वजनिक सवारी साधन सञ्चालनसम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गरिएको र बागमती प्रदेशको श्रम तथा रोजगार नीति २०८० जारी गरिएकोजस्ता महत्वपूर्ण काम भएको बताउनुभयो ।




# ३३ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले मकवानपुरको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३३ जनाले रक्तदान गरेका छन् । आइतबार बिहान नेकपा एमाले मकवानपुरको कार्यालय परिसरमा भएको कार्यक्रम ४ जना महिला र २९ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको ७६ औं स्मृति दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

# गाँजासहित दुर्गा पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाका ३२ वर्षीय दुर्गा लामा लागुऔषध गाँजासहित पक्राउ परेका छन्। आइतबार बिहान ७ बजेर २० मिनेटको समयमा हेटौंडा-१५ रातोमाटे चेकपोष्टबाट २ केजी गाँजासहित दुर्गा पक्राउ परेका हुन् । हेटौंडाबाट बीरगन्जतर्फ जाँदै गरेको बा प्र ०३-००१ ज ०३०३ नम्बरको यात्रुवाहक माईक्रो बसमा सुरक्षाजाँच गर्ने क्रममा माईक्रो बसमा सवार दुर्गा लामाको साथबाट प्रहरीले गाँजा बरामद गरेको हो । दुर्गाले पेट र छातीको भागमा प्लाष्टिक बेरी लागुऔषध गाँजा तस्करी गर्ने प्रयास गरेको पाइएको प्रहरीले जनाएको छ । प्रहरीले मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद अनुमति लिई दुर्गालाई हिरासतमै राखेर थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ।

# गुरु पूर्णिमामा मकवानपुर क्याम्पसका प्राध्यापकलाई सम्मान




*प्राध्यापक लिना श्रेष्ठलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले प्राध्यापकहरुलाई सम्मान गरेको छ । गुरुपूर्णिमाको अवसरमा आइतबार बिहान एक कार्यक्रमका बीच प्राध्यापकहरुलाई खादा ओढाउँदै मायाको चिनो दिएर सम्मान गरेको हो ।

स्ववियु अध्यक्ष छोइसाङ स्याङ्तान लामाको अध्यक्षता तथा बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो। सम्मान कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेल, उपाध्यक्ष अशोक शाक्य, सदस्य विष्णुप्रसाद दाहाल, सर्केस घलान, क्याम्पस प्रमुख यमबहादुर सिलवाल, पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईका अध्यक्ष घनश्याम घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

स्ववियुले गुरु पूर्णिमाको अवसरमा हरेक बर्ष प्राध्यापकलाई सम्मान गर्दै आएको छ । कक्षा ११ र १२, स्नातक तथा स्नात्तकोत्तर तहसम्म पठनपाठन हुने मकवानपुर बहुमुखी क्याम्पसमा ५ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ